नेपाल सरकार

गृह मन्त्रालय

**राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण**

**SitRep #९५**

**८ असोज २०७७**

| २०७७ बैशाख १ देखि असोज ७ गते सम्मका विपद्का मुख्य घट्नाहरुको विवरण | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **पहिरो** | | | **बाढी** | | | **चट्याङ्ग** | | | **कुल जम्मा** | | |
| **मृत्यु** | **बेपत्ता** | **घाइते** | **मृत्यु** | **बेपत्ता** | **घाइते** | **मृत्यु** | **बेपत्ता** | **घाइते** | **मृत्यु** | **बेपत्ता** | **घाइते** |
| २७५ | ६५ | २१० | ३९ | ४० | ११ | ६५ | ० | २०४ | **३७९** | **१०५** | **४२५** |
| **२०७७ जेठ ३० मनसुन सुरु भएदेखि असोज ७ गते सम्मका विपद्का मुख्य घट्नाहरुको विवरण** | | | | | | | | | | | |
| **पहिरो** | | | **बाढी** | | | **चट्याङ्ग** | | | **कुल जम्मा** | | |
| **मृत्यु** | **बेपत्ता** | **घाइते** | **मृत्यु** | **बेपत्ता** | **घाइते** | **मृत्यु** | **बेपत्ता** | **घाइते** | **मृत्यु** | **बेपत्ता** | **घाइते** |
| २७३ | ६५ | २०९ | ३६ | ३९ | ९ | ३५ | ० | ८५ | **३४४** | **१०४** | **३०३** |
| **२०७७ असोज ७ देखि ८ गते विहान १० बजेसम्म मृत्यु भएकाहरुको विस्तृत विवरण** | | | | | | | | | | | |
| **पहिरो** | | | **बाढी** | | | **अबिरल वर्षा** | | | **कुल जम्मा** | | |
| **महिला** | **पुरुष** | **जम्मा** | **महिला** | **पुरुष** | **जम्मा** | **महिला** | **पुरुष** | **जम्मा** | **महिला** | **पुरुष** | **जम्मा** |
| २ | १ | **३** | ० | १ | **१** | १ | ० | **१** | **३** | २ | **५** |

# दैनिक विपद् बुलेटिन

७ असोज विहान १०:०० बजेदेखि ८ असोज बिहान १०:०० बजेसम्म

**नेपाल**मा विभिन्न जिल्लामा गरेर आज १३ स्थानमा **पहिरो,** १० स्थानमा **अबिरल वर्षा,** २ स्थानमा **बाढी,** २ स्थानमा **आगलागी,** १ स्थानमा **हावाहुरी**का घटना घटेका छन् । यी घटनामा परेर **५** जनाको **मृत्यु,** १८ जना **बेपत्ता,** ६ जना **घाईते** भएका छन् । यी घटनाबाट **२५ लाख ४१ हजार रुपैंया** बराबरको धनमाल क्षति भएको छ । पहिरोका कारण ३ स्थानमा **बाटो अवरुद्ध** भएको छ ।

| मृत्यु संख्या | हराएको | घटना संख्या | घाइते | अनुमानित क्षति रु | सडक अवरोध | चौपाया क्षति |
|---|---|---|---|---|---|---|
| ५ | १८ | २८ | ६ | २५,४१,७०० | ३ | २७ |

## घट्ना सारांश

- **मुलुकभर** गएको २४ घण्टामा विपद्का **२८** वटा घट्ना भएका छन् ।
- **स्याङ्जा**को वालिङ नगरपालिका वडा नं १४ तमादिस्थित एक घर माथिबाट **पहिरो** आई घर र गोठ पुरिदा **१ महिलाको मृत्यु, १ जना घाईते,** घरमा १० जना परिवार रहेको भन्ने बुझिएको अन्य ८ जनाको खोजतलास भईरहेको । कालिगण्डकी गाउँपालिका वडा नं ४ गौतम डाँडामा **पहिरो** आई २ वटा घर पुरिएको, **१ जना बेपत्ता** ।
- **धनकुटा**को महालक्ष्मी नगरपालिका वडा नं ९ सिरिसेस्थित एक घर **अबिरल बर्षा**को कारण भत्किदा **१ बालिकाको मृत्यु, १ जना घाईते** । साथै १ वटा गाई, १ वटा भैंसीको समेत घरले पुरीएर मृत्यु । वडा नं ४ स्थित एक गाई गोठ **अविरल बर्षा**को कारण भत्किँदा गाई -१ वटा, गोरु -१ वटा, बाख्रा -१ वटा र खसि -२ वटाको पुरिएर मृत्यू हुँदा **२ लाख ४५ हजार रुपैंया** बराबरको क्षति ।
- **नवलपुर पूर्व**को बिनयी त्रिबेणी गाउँपालिका वडा नं ३ स्थित सुनही खोला तर्ने क्रममा ना ३ च १५९४ नं. को छोटो हात्ती गाडी चालक बस्ने गाडी सहित बर्ष २६ को **एक पुरुषलाई खोलाले बगाएको** ।

## घट्ना सारांश...

- **मकवानपुर**को ईन्द्रसरोबार गाउँपालिका वडा नं २ देउराली भन्ने स्थानमा पहिरो खसी काठमाण्डौबाट हेटौडा तर्फ जादै गरेको बा १७ च ४८७४ नम्बरको स्कर्पीयो र बा ९७ प ४८५१ न.को मोटरसाइकल पुरिदा **१ जनाको मृत्यु, २ जना घाईते ।** (अन्य बिवरण आउन बाँकी )
- **कपिलवस्तु**को बाणगंगा नगरपालिका वडा नं ७ कपिलधाम नजिकै जिनुवाबाट विद्युत मर्मत गरी फर्कदै गरेको नेपाल विद्युत प्राधिकरण तौलिहवा अन्तर्गत फ्युज शाखा कार्यालय जितपुर कपिलवस्तुको गाडी **कोईली खोला तर्ने क्रममा बगाउँदा** गाडीमा सवार ६ जनामध्ये ३ जना पौडी खेलेर निस्कन सफल, गाडीका चालक **मृत फेला ।२ जना बेपत्ता ।**
- **पाल्पा**को रम्भा गाउँपालिका वडा नं २ सुरुङडाँडास्थित एक घरमाथिबाट **पहिरो** झरी घर पुरिँदा बर्ष २७ की **१ जना महिलाको मृत्यु ।** घरमा रहेका निजका श्रीमान, छोरा, छोरी र भान्जिलाई पहिरोले च्यापेकोमा सकुशक उद्धार गरिएको । बग्नासकाली गाउँपालिका वडा नं ४ तिखुमस्थित एक कच्ची गोठ **पहिरो** आई पुरिदा गोठमा रहेको २ वटा भैंसी र ३ वटा बाख्राको मृत्यु । रम्भा गाउँपालिका वडा नं २ फोक्सिङकोट बेलौजास्थित २ वटा घर पहिरो झरी पुरिँदा एक घरमा सुतिरहेको ५ जना मानिसहरु समेत पुरिएको र अर्को घरमा सुतेको मानिसहरु सकुशल रहेको । अन्य विविरण आउन बाँकी । रैनादेविछहरा गाउँपालिका वडा नं २ सोमादि बासखर्कस्थित एक कुखुराको फर्म **अबिरल वर्षा**को कारण पुर्णरुपमा भत्किई ७५ वटा बोईलर कुखराहरु पुरीएर मृत्यु हुँदा **२ लाख रुपैंया** बराबरको क्षति ।
- **बाग्लुङ**को काठेखोला गाउँपालिका वडा नं २ बास्कोटस्थित एक गोठ **पहिरो** आई पुरिदा **१ जना बेपत्ता ।**
- **ललितपुर**को बागमती गाउँपालिका वडा नं ३ पाङ्दुरडोल सडक खण्डमा माथिबाट **पहिरो** आई सडक बिभागको २ वटा टिफर र मोटरसाइकल पुरिएको र **एक जना पुरुष** व्यक्ति पुरिन जादाँ **घाईते** । गाडीमा मानिस भए नभएको केही नखुलेको । अन्य विवरण आउन बाँकि ।
- **मोरङ्गको** सुन्दरहरैचा नगरपालिका वडा नं १२ बिराटचोकस्थित एक फलफुल पसल र एक तरकारी पसलमा बिद्युत सर्ट भई **आगलागी** हुँदा **५ लाख रुपैंया** बराबरको क्षति ।
- **सप्तरी**को डाक्नेश्वरी नगरपालिका वडा नं ४ भुतहीस्थित एक घर **बर्षा**का कारण भत्किदा **१ लाख रुपैंया** बराबरको क्षति ।
- **बारा**को कोल्बी नगरपालिका वडा नं ७ महुआसपुरस्थित एक कच्ची घर **बर्षाद**को कारण पुर्ण रुपमा भत्कीदा **७० हजार रुपैंया** बराबर क्षति ।
- **लमजुङ्ग**को दोर्दी गाउँपालिका वडा नं ५ छैलुङस्थित एक घर अगाडि आँगनबाट **पहिरो** जाँदा आँगनमा रहेको बाख्राको खोर सहित ३ वटा बाख्रा बगाएको र घर पुर्णरुपमा जोखिममा रहेको।
- **प्युठान**को स्वर्गद्वारी नगरपालिका वडा नं १ सल्लुडाँडास्थित एक घरमा **आगलागी** हुँदा घर पूर्ण रूपमा जलि **३ लाख ५६ हजार ७ सय रुपैंया** बराबर क्षति । माण्डवी गाउँपालिका वडा नं १ कुमालटारस्थित श्री अरूणा भवानेश्वरी प्रा.बि. भवनको एक कोठाको जस्तापाता **हावाहुरी**को कारण उडाई **१ लाख २० हजार रुपैंया** बराबरको क्षति । ऐरावती गाउँपालिका वडा नं ४ चुत्रेनीस्थित एक गाई गोठ **अबिरल बर्षा**का कारण पूर्णरूपमा भत्किई गोठमा रहेका ३ वटा गाई, ४ वटा बाख्राको मृत्यु ।
- **गुल्मी**को दरबार गाउँपालिका वडा नं २ घुर्मीस्थित एक कच्ची गोठ **अबिरल बर्षा**को कारण भत्किदा गोठमा भएको १ वटा भैंसी, २ वटा बाख्राको मृत्यु । अर्को एक घरमा समेत माथिबाट पहिरो आई क्षति ।
- **संखुवासभा**को धर्मदेवी नगरपालिका वडा नं ३ सल्लेस्थित एक घर माथिबाट अचानक **पहिरो** आई २ वटा घर आंशिक रुपमा पुरिई **६ लाख रुपैंया** बराबरको क्षति ।

## घट्ना सारांश...

- **तेह्रथुम**को मेन्छेयायेम गाउँपालिका वडा नं ६ मोराहाङस्थित एक घरको गाह्रोबाट पानी पसि घर पुर्णरुपमा भत्किई **३ लाख रुपैंया** बराबरको क्षति ।
- **अर्घाखाँची**को मालारानी गाउँपालिका वडा नं ५ बागीसातबिसेस्थित एक गोठ माथिबाट **पहिरो** आई पुरिदा २ वटा भैसीको मृत्यु ।
- **नवलपरासी पश्चिम**को प्रतापपुर गाउँपालिका वडा नं ६ मोतीपुरस्थित एक कच्ची घर **अबिरल बर्षा**को कारण भत्किदा **५० हजार रुपैंया** बराबरको क्षति ।

## बाटो अवरोध

- **पर्वत**को जलजला गाउँपालिका वडा नं ८ फर्सेस्थित **बेनी-मालढुङगा सडक खण्ड**मा **अविरल बर्षा**को कारण माथिबाट ढुङगा माटो सहितको लेदो आई **बाटो पूर्णरुपमा अवरोध** ।
- **स्याङ्जा**को गल्याङ नगरपालिका वडा नं १ मालुङ्गा स्थित **सिद्धार्थ राजमार्ग**मा अविरल बर्षाको कारण माथिबाट **पहिरो** खसी **सडक अवरोध** ।
- **चितवन**को ईच्छाकामना गाउँपालिका वडा नं ६ **मुग्लिन नारायणगढ सडक खण्ड**को चारकिलो भन्ने स्थानमा अबिरल बर्षाको कारण माथिबाट **पहिरो** झरी **दुबै तर्फ बाटो अबरोध** ।

## प्रतिकार्य

- सुरक्षा निकायको टोलीबाट पहिरोमा परी घाईते भएकाहरुलाई नजिकैको स्वास्थ्य उपचार केन्द्र र केहीलाई काठमाडौं पठाइ उपचार भइरहेको, बाढी र पहिरोमा परी बेपत्ता भएकाहरुको खोजी कार्य जारी, पहिरोका कारण अवरुद्ध भएको बाटो खोल्ने प्रयास जारी ।

## बाढी पूर्वानुमान

आज र भोलि देशैभरका नदीमा बहाव उच्च हुने (नारायणी, पश्चिम राप्ती, बबई र यसका सहायक नदीमा बहाव खतरा आसपास वा माथि हुने) कर्णाली, महाकालीका, कोशी, कन्काई, कमला, बागमतीमा सतर्कता वा आसपास हुने पूर्वानुमान रहेकोले तटिय क्षेत्रका कृयाकलाप नगर्न अनुरोध छ ।

नदीहरुको हालको अवस्था (Present River Status)

आज बिहानको मापन अनुसार कोशी, कर्णाली महाकाली र यसका सहायक नदीमा बहाव बढ्दो छ तर बहाव सतर्कता तह भन्दा तलै छ । नारायणी, तिनाउ र यसका सहायक नदीमा बहाव सतर्कता भन्दा माथी र खतरा आसपास पुगेको छ ।

पूर्वानुमान आज : असोज-०८ (बिहिबार) (बिहान ७ बजे देखि २४ घण्टा)

- आज नारायणी र यसका सहायक नदीमा बहाव उल्लेख्य बढ्ने र खतरा भन्दा माथि हुने पूर्वानुमान छ । कोशी, कर्णाली, महाकाली र यसका सहायक नदीमा बहाव बढ्ने र केही सहायक नदीमा सतर्कता पुग्न सक्ने । कोशीको सहायक नदी तमोरमा बहाव उल्लेख्य बढ्ने र सतर्कता आसपास हुने पूर्वानुमान छ ।
- आज कन्काई, कमला, बागमती, पश्चिम राप्ती, बबई र यसका सहायक नदीमा बहाब बढ्ने र सबैमा सतर्कता आसपास हुने पूर्वानुमान छ । तिनाउ, बाणगंगा, पश्चिम राप्ती, बबईका केही साना सहायक नदीमा आकस्मिक बहाव भई खतरा तह भन्दा माथि हुन सक्ने पूर्वानुमान छ ।
- आज प्रदेश १ को ताप्लेजुङ, पाँचथर, ईलाम, झापा, मोरङ, सुनसरी, धनकुटा, उदयपुर, भोजपुर, प्रदेश २ को सबै जिल्ला, बागमती प्रदेशको दोलखा, रामेछाप, सिन्धुली, मकवानपुर, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, का.उपत्यका, नुवाकोट, धादिङ, चितवन, गण्डकी प्रदेशको गोरखा, लमजुङ, तनहूँ, कास्की, पर्वत, म्याग्दी, बागलुङ, स्याङजा, नवलपुर, प्रदेश ५ को पाल्पा, गुल्मी, अर्घाखाँची, रुपन्देही, कपिलवस्तु, रोल्पा, रूकुम, प्यूठान, दाङ, बाँके, बर्दिया भई बहने साना नदी जलाधारमा भारी बर्षा भई आकस्मिक बहाव हुने उच्च संभावना छ ।
- साथै कर्णाली प्रदेशको सल्यान, सुर्खेत, दैलेख, जाजरकोट, सुदुरपश्चिम प्रदेशको कैलाली, कञ्चनपुर, डडेलधुरा, डोटी, अछाम, बैतडी, बझाङ, बाजुरा र आसपास भई बहने केही साना नदी जलाधारका भारी बर्षा भई नदीमा बहाव बढ्ने केहीमा आकस्मिक बहाव हुन सक्ने ।


नोट :पहेलो रङले मध्यम जोखिम रहेको संकेत गर्छ । रातो रङले उच्च जोखिमको संकेत गर्छ ।

थप जानकारीका लागि जल तथा मौसम विज्ञान विभागको वेभसाइटः[http://hydrology.gov.np/](http://hydrology.gov.np/)

## वर्षाको सारांश

असोज ०७ गते बिहान ०८:४५ बजे देखि असोज ०८ गते ०८:४५ बजे सम्म

आज मिति २०७७/०६/०८ गते बिहान ०८:४५ बजे १९६ वटा वर्षा मापन केन्द्रहरु (मानब संचालितः ६१ र स्वचालितः १३५) मा मापन गरिएको वर्षाको विवरण अनुसार १७९ वटा केन्द्रहरुमा वर्षा भएको छ (चित्र १)। उक्त केन्द्रहरु मध्ये सबै भन्दा बढि वर्षा (२३९ मि. मी.) नवलपुर जिल्लाको डण्डा केन्द्रमा मापन गरिएको छ। वर्षा मापन भएका केन्द्रहरु मध्ये २ वटा केन्द्रमा २०० मि. मी. भन्दा बढि, ६ वटा केन्द्रमा १५० मि. मी. भन्दा बढि, २५ वटा केन्द्रमा १०० मि. मी. भन्दा बढि, ८३ वटा केन्द्रमा ५० मि. मी. भन्दा बढि, ११५ वटा केन्द्रमा २५ मि. मी. भन्दा बढि र १४५ वटा केन्द्रमा १० मि. मी. भन्दा बढि वर्षा मापन भएको छ।




चित्र १: दैनिक वर्षा (छायांकित रंग) तथा केन्द्रको अवस्थिती (गोलाकार संकेत)

**वर्षा तथा जलवायु सम्बन्धि थप जानकारीको लागि <u>www.dhm.gov.np/climate/</u>मा हेर्नुहोस।**

# आगामी तीन दिनको मौसम पूर्वानुमान

**नेपाल सरकार**
**उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय**
**जल तथा मौसम विज्ञान विभाग**
मौसम पूर्वनुमान महाशाखा
**मौसम पूर्वानुमान बुलेटिन** (Weather Forecast Bulletin)
(जारी मिति: २०७७-०६-०८, बिहान ०६:०० बजे)

**मौसम विश्लेषण** (Meteorological Analysis):-
हाल भारतको मध्य प्रदेशको पुर्वी भु-भागमा न्युन चापीय क्षेत्र रहेको छ। साथै यो न्युन चापिय क्षेत्र उत्तर-पुर्व सर्दैछ।

**हालको मौसमको अवस्था** (Present Weather Status):
हाल देशभर सामान्य देखि पूर्ण बदली रही धेरै स्थानहरुमा हल्का देखि मध्यम वर्षा भईरहेको छ। प्रदेश नं १, प्रदेश नं २, बागमती प्रदेश, गण्डकी प्रदेश, प्रदेश नं ५ र कर्णाली प्रदेशका १-२ स्थानहरुमा अति भारी वर्षा भैरहेको छ ।

**आगामी तीन दिनको मौसम पूर्वानुमान**

**असोज ८ गते (बिहीवार)**
**दिउँसो :** देशभर सामान्य देखि पुर्णतया बदली रही देशका धेरै स्थानहरुमा मेघगर्जन/चट्याङ्ग सहित हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ । सबै प्रदेशका केही स्थानमा भारी वर्षाको सम्भावना रहेको छ भने प्रदेश नं १, प्रदेश नं २, बागमती प्रदेश, गण्डकी प्रदेश, प्रदेश नं ५ र कर्णाली प्रदेशका १-२ स्थानहरुमा अति भारी वर्षाको समेत संभावना रहेको छ।

**राती :** देशभर सामान्य देखि पुर्णतया बदली रही धेरै स्थानहरुमा मेघगर्जन/चट्याङ्ग सहित हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ। सबै प्रदेशका केही स्थानमा भारी वर्षाको सम्भावना रहेको छ भने प्रदेश नं १, प्रदेश नं २, बागमती प्रदेश, गण्डकी प्रदेश र प्रदेश नं ५ का १-२ स्थानहरुमा अति भारी वर्षाको समेत संभावना रहेको छ।

**असोज ९ गते (शुक्रवार)**
**दिउँसो :** देशभर सामान्य देखि पुर्णतया बदली रही धेरै स्थानहरुमा मेघगर्जन/चट्याङ्ग सहित हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ । प्रदेश नं १, प्रदेश नं २ र बागमती प्रदेशका थोरै स्थानमा भारी वर्षा र १-२ स्थानहरुमा अति भारी वर्षाको समेत संभावना रहेको छ।

**राती :** देशभर सामान्य देखि पुर्णतया बदली रही धेरै स्थानहरुमा मेघगर्जन/चट्याङ्ग सहित हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ । प्रदेश नं १, प्रदेश नं २ र गण्डकी प्रदेशका थोरै स्थानमा भारी वर्षा र १-२ स्थानहरुमा अति भारी वर्षाको समेत संभावना रहेको छ।

**असोज १० गते (शनिवार)**
**दिउँसो :** देशभर आंशिक देखि सामान्य बदली रही केही स्थानहरुमा मेघगर्जन/चट्याङ्ग सहित हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ । प्रदेश नं १ र प्रदेश नं २ का १-२ स्थानहरुमा भारी वर्षाको समेत संभावना रहेको छ।

**राती :** देशभर आंशिक देखि सामान्य बदली रही केही स्थानहरुमा मेघगर्जन/चट्याङ्ग सहित हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ ।

गणितिय मौसम पूर्वानुमानमा आधारित तीन दिनसम्मको मौसमको अवस्थाका लागि यो लिंकमा हेर्नुहोला ।
http://mfd.gov.np/nwp/#/nwp/Precipitation, http://mfd.gov.np/nwp/#/nwp/Wind